| हाम्रो समुदाय | • दौतरी बिच मेलमिलाप, आफ्नो गाउँटोलका सामाजिक काम गर्ने व्यक्तिको नाम, छरछिमेकीको काममा सहयोग, पालो पर्खने बानी<br>• आफ्नो वडाका समाजसेवी, जेष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग<br>• रमाइला एवम् साधारण खेलहरू (घेरामा, समूहमा खेलिने खेल, साधारण लखेटाइ, कुकुर फुक्यो आदि)<br>• स्थानीय सामग्री प्रयोग गरी छपाइ र प्रदर्शन<br>• सन्चो र विसन्चो, सर्ने र नसर्ने रोगको नाम साथै नसर्ने रोगको कारक तत्त्व, खोपको आवश्यकता र महत्त्व,<br>• स्थानीय स्वास्थ्य संस्थाहरूको नाम र सेवा, बिरामी, अशक्त र असहाय व्यक्तिलाई स्वास्थ्य सेवाका लागि सहयोग<br>• धूमपान मध्यपान | १० | ३० |

| | | | |
|---|---|---|---|
| | • अगाडि पछाडि पल्टने, निश्चित दिशामा भाला फ्याँकाइ | | |
| मेरो विद्यालय | • विद्यालयको कक्षाकोठा र हाताको सरसफाइ साथै खेल सामग्री, पुस्तकालय सामानको जतन र प्रयोग<br>• फूलबारी एवम् बोटबिरुवाको हेरचाह<br>• पिटी तालिका, १ देखि ७ सम्म ताल मिलाएर कसरत<br>• ५० मिटरसम्मको दुरी दौड, फलेक, बेन्च वा तर्सो काठमा हिँड्ने अभ्यास<br>• विभिन्न किसिमका कागजलाई काटेर/च्यातेर टाँसी आफूलाई मन पर्ने आकृति तथा चित्र संयोजन गर्न<br>• घर तथा विद्यालय र समुदायमा हुने दुर्घटनाहरू कारण र यिनीहरूबाट बच्ने उपाय, प्राथमिक उपचार<br>• वरपर घट्न सक्ने प्रकोपबाट सुरक्षित अभ्यास, व्यक्तिगत सुरक्षाका उपाय | १० | ३० |
| हाम्रा वरपरका जीवहरू | • सजीव र निर्जीव वस्तुहरूको पहिचान र सजीव वस्तुका आधारभूत लक्षणहरू (चाल, शरीरका भाग र खाना प्राप्त गर्ने तरिका<br>• बिरुवाको पहिचान र वर्गीकरण-अन्न, तरकारी, फलफूल, रूख, बुट्यान, झारपात, फूल फुल्ने/ नफुल्ने, | ५ | १२ |

| | | | |
|---|---|---|---|
| | जमिन/पानीमा पाइने, एकवर्षे/बहुवर्षे)<br>• विभिन्न मौसममा पाइने बोटबिरुवा, बोटबिरुवाका विभिन्न भागहरू र यसका काम (पात, डाँठ फल, फूल र जरा)<br>• बिरुवाको वृद्धि, हेरचाह गर्न र त्यसको अभिलेख, खाद्य शृङ्खला<br>• वरपरका जमिन र पानीमा बस्ने जानवर र तिनीहरूको बाहिरी अङ्ग र उपयोगिता<br>• घरपालुवा जनावर र जङ्गली जनावरको नाम, खाना, खाना खाने तरिका र खाना खान सघाउने अङ्गहरू<br>• जनावरका बच्चा र नाम, जनावरको हेरचाह<br>• जनावर र बोटबिरुवाबाट पाउने खानाको नाम एवम् फाइदा | | |
| हाम्रो वातावरण | • विद्यालय, घर, छरछिमेक र टोलको सरसफाइ, वातावरण प्रदूषणका कारणहरू, फोहोर व्यवस्थापन र स्वच्छताप्रति सजगता<br>• आफ्नो गाउँ/टोलका सार्वजनिक सम्पति र सम्पदाहरूको संरक्षण<br>• वरपरको प्राकृतिक र मानव निर्मित वस्तु<br>• वस्तुका गुणहरू (आकार, साइज, गन्ध, चिसो, तातो, कडा, नरम, डुब्ने/उत्रने, घुल्ने/नघुल्ने, ठोस, तरल अवलोकन र | ५ | १५ |

| | | | |
|---|---|---|---|
| | परीक्षण<br>● खेर गएका वा वरपर उपलब्ध सामग्री प्रयोग गरी विभिन्न नमुना सजावटका सामग्री निर्माण | | |
| मेरो सिर्जना | ● सुनेका स्थानीय गीतहरू, राष्ट्रिय गीत, कक्षागत गान, पाठ्यपुस्तकमा भएका बालगीतहरू र नृत्य<br>● लयमा ताली बजाउने अभ्यास, स्थानीय बाजाहरू बजाउने अभ्यास<br>● आफ्नो गाउँ टोलको सामान्य नक्सा<br>● मनपर्ने वस्तुहरूको रेखाचित्र, आकार, स्वरूप र रङहरूबाट सामान्य बुट्टाहरू<br>● माटो, पिठो, कागज सिन्का प्रयोग गरी विभिन्न वस्तुको निर्माण<br>● प्रयोगहरू गर्न र माटाका घन वा आयतकार ब्लकद्वारा ठोस मोडलहरू (जस्तै : घर, बस, जनावर आदि बनाउने अभ्यास<br>● रिफिल प्रिन्ट ब्लक (चभभ्बिा उचष्लत दयिअप) को प्रयोग गरी विभिन्न रङहरूमा छपाइ, अकृतिविहीन प्रिन्टहरू | ५ | १५ |
| हाम्रो संस्कृति | ● परिवार र छरछिमेकमा मनाइने चाडपर्वहरूमा सहभागिता र चाडपर्वमा खाइने खानेकुरा<br>● आफ्नो गाउँटोलमा बोलिने भाषा, पोसाक, | ३ | ९ |

| | | | |
|---|---|---|---|
| | चाडपर्व र मुख्य क्रियाकलाप<br>• आफ्ना समुदायका संस्कारहरू (दसैँ, तिहार, छठ, क्रिसमस, इद, विभिन्न जात्रा आदि) झल्कने सामान्य रेखाङ्कन र रङकार्य<br>• राष्ट्रिय चिह्नहरूको चिनारी र महत्त्व | | |
| सञ्चार प्रविधि र बजार | • सञ्चारका माध्यमहरू र सूचना आदानप्रदान, सूचना, सङ्केत, पम्लेट, पोस्टर, ट्राफिक सङ्केत, प्रयोग र सुरक्षा<br>• सिकाइ र सञ्चारमा कम्प्युटर र मोबाइल फोनको प्रयोग एवम् दुरुपयोगबाट हुने हानीप्रति सचेतता<br>• यातायतका साधनहरू<br>• आफ्नो गाउँ टोलमा उत्पादित तथा निर्मित वस्तुहरू उपयोग, बजार र परिवारको आम्दानीका स्रोतहरू<br>• घर तथा विद्यालयमा प्रयोग गरिने सामग्रीहरूको प्रयोग र मितव्ययिता | ३ | ७ |
| हाम्रो वरपरको संसार | • विभिन्न प्रकारका मौसमका परिचय, विशेषता, तिनको असर र सचेतता<br>• आफ्नो घर, टोल, समुदाय र त्यस वरिपरिको भौगोलिक स्वरूप<br>• पृथ्वीमा दिन र रात हुनुको कारण<br>• त्रिभुज चतुर्भुज, वर्गाकार एवम् आयतकारमा कागजका आकृति बनाउने | ५ | १२ |

| | | | |
|---|---|---|---|
| | अभ्यास<br>• माटामा हावा, जैविक पदार्थहरू र पानीका स्रोतहरू, गुण, गतिशील शक्ति, महत्त्व एवम् उपयोग र संरक्षण<br>• देनिक जीवनमा हावाबाट हुने काम, हावाको शक्ति एवम् भौतिक गुणरू र प्रयोग<br>• आफ्नो वडाको प्राकृतिक स्वरूप, सामाजिक रहनसहन झल्कने आकृति नक्सा र त्यहाँका महत्त्वपूर्ण स्थल<br>• स्वतन्त्र चित्र र रङ कार्य | | |
| **जम्मा कार्यघण्टा** | | ६४ | १९२ |

(ङ) **सिकाइ उपलब्धिको विस्तृतीकरण**

| **विषयक्षेत्र** | **संश्लेषित सिकाइ उपलब्धि विस्तृतीकरण** |
|---|---|
| म र मेरो परिवार | • आफू र आफ्नो साथीको नाम, ठेगाना, नाता सम्बन्ध र पहिरन बताई प्रयोग गर्न<br>• छिमेकी, नातेदार र पाहुनाको सत्कार गर्न<br>• आफू र आफ्नो परिवारका काममा (पेसा) बताउन, सहयोग र सम्मान गर्न<br>• बिरामी र अशक्तलाई सहयोग गर्न<br>• चाल, हाउभाउसहित  नृत्य गर्न<br>• विभिन्न प्रकारका साकाहारी र मांसहारी पौष्टिक खानेकुरा स्रोत |

| | |
|---|---|
| | वर्गीकरण र प्रयोग गर्न<br>● कथामा आधारित खेलहरू, स्थानीय खेल, खेलमा स्थानीय सामग्रीको प्रयोग गर्न, हात समाइ लखेटेर खेलिने खेलहरू खेल्न<br>● आधारभूत रेखा र आकृति रेखाङ्कनमा हिँड्न, उफ्राइ र हपिङ गर्न<br>● घरायसी सरसामानको परिचय दिन र प्रयोग गर्न, हिफाजत गर्न<br>● साधारण उपकरणको आवश्यकतानुसार मापनका लागि प्रयोग गर्न, परीक्षण गर्न र निष्कर्ष निकाल्न<br>● दैनिक जीवनमा प्रयोग हुने सरसामानको रेखाङ्कन गर्न |
| मेरो दैनिक जीवन | ● आधारभूत योग अभ्यास (सुखासन, शिशु आसन, सवासन, पुतली आसन, वृक्षासन, भुजङ्गासन, पद्मासन, ताडासन, अर्धचन्द्रासन) गर्न<br>● शरीरलाई विभिन्न दिशामा तन्काइ र झुकाइ गर्न, सिधा र बाङ्गोटिङ्गो रेखामा ताल मिलाएर हिँडाइ गर्न, ठाडो वस्तुमा चढाइ, झराइ र बारमा झुन्डाइ गर्न<br>● कुर्कुच्चा र पञ्जाले हिँड्ने अभ्यास गर्न, साधारण हाइजम्प र लमजम्प गर्न<br>● शरीरका अङ्गहरू सफा राख्ने बानीको विकास गर्न, खोक्दा हाच्छिउँ गर्दा नाक मुख छोप्ने र जथाभावी नथुक्ने बानीको विकास गर्न<br>● हात धोएर खाने, चर्पी, धारा र वरिपरिको वातावरण सफा राख्न, पिउने पानीको सुरक्षित राख्ने बानीको विकास गर्न<br>● रोग लाग्नबाट बच्न र स्वस्थकर बानी अबलम्बन गर्न<br>● शरीरका लागि आराम, निद्रा र व्यायामको सन्तुलन मिलाउन |

| | |
|---|---|
| | • स्थानीय रङको प्रयोग गरी मन पर्ने चित्र निर्माण गर्न<br>• ताप, प्रकाश, विद्युत् र चुम्म्बक जस्ता स्रोतको पहिचान र उचित उपयोग गर्न<br>• ध्वनि प्रदूषण र मानव जीवनमा यसको असर सम्बन्धमा सचेत रहन |
| हाम्रो समुदाय | • साथी, परिवार र छिमेक, समाजसेवी, ज्येष्ठ नागरिक, असहाय तथा अपाङ्गता आपसी समझदारी सहयोग, सहकार्य र सम्मान गर्न<br>• पालो पर्खने बानी विकास गर्न<br>• बालअधिकारप्रति सचेत रहन<br>• रमाइला एवम् साधारण खेलहरू (घेरामा, समूहमा खेलिने खेल, साधारण लखेटाइ, कुकुर फुक्यो आदि) खेलहरू खेल्न<br>• स्थानीय सामग्री प्रयोग गरी छपाइ र प्रदर्शन गर्न<br>• सन्चो र बिसन्चो भएको कुरा शिक्षक, साथी र परिवारमा बताई सेवा लिन र सेवामा उत्प्रेरित गर्न<br>• स्थानीय स्वास्थ्य संस्थाहरूको नाम बताउन, सर्ने र नसर्ने रोगको नाम बताउन साथै नसर्ने रोगको सामान्य कारक तत्त्व बताउन साथै खोपको आवश्यकता र महत्त्व बताउन<br>• धूमपान, मद्यपानको प्रयोगले परिवार समुदायमा पर्ने असर बताउन साथै धूमपान र मद्यपानबाट टाढा रहन<br>• अगाडि पछाडि पल्टने, निश्चित दिशामा भाला फ्याँकाइ गर्न |

| | |
|---|---|
| मेरो विद्यालय | • विद्यालयको कक्षाकोठा र हाताको सरसफाइ गर्न साथै खेल सामग्री, पुस्तकालय सामानको जतन र प्रयोग गर्न<br>• फूलबारी एवम् बोटबिरुवाको हेरचाह गर्न<br>• पिटी तालिका १ देखि ७ सम्म ताल मिलाएर कसरत गर्न र ५० मिटरसम्मको दुरी दौडन<br>• विभिन्न किसिमका कागजलाई काटेर/च्यातेर टाँसी आफूलाई मन पर्ने आकृति तथा चित्र संयोजन गर्न<br>• घर तथा विद्यालय र समुदायमा हुने दुर्घटनाका कारण पत्ता लगाउन, यिनीहरूबाट बच्ने उपाय बताउन र प्राथमिक उपचारको अवधाराणा बताउन<br>• वरपर घट्न सक्ने प्रकोपबाट सुरक्षित अभ्यास गर्न र व्यक्तिगत सुरक्षाका उपायहरू अपनाउन<br>• फलेक, बेन्च वा तर्सो काठमा हिँड्ने अभ्यास र हातले टेकी छेउबाट पल्टने कार्य गर्न |
| हाम्रा वरपरका जीवहरू | • सजीव वस्तुका आधारभूत लक्षण (चाल, शरीरका भाग र खाना प्राप्त गर्ने तरिका) आधारमा बिरुवा र जनावरबिच भिन्नता छुट्याउन<br>• विभिन्न मौसममा पाइने बिरुवाहरूको पहिचान र वर्गीकरण गर्न ( अन्न, तरकारी, फलफूल, रूख, बुट्यान, झारपात, फूल फुल्ने/नफुल्ने, जमिन/पानीमा पाइने, एकवर्षे/बहुवर्षे)<br>• बोटबिरुवाका विभिन्न भागहरू र यसका काम बताउन (पात, डाँठ फल, फूल र जरा)<br>• बिरुवा रोप्न र त्यसको वृद्धि, हेरचाह गर्न, अभिलेख राख्न र खाद्य शृङ्खलाको साधारण उदाहरण दिन |

| | |
|---|---|
| | • विभिन्न मौसममा देखिने, जमिन र पानीमा बस्ने घर पालुवा जनावर र जङ्गली जनावरको नाम बताउन, जनावरका अङ्ग, खाना पहिचान गर्न, खाना खाने तरिका र खाना खान सघाउने अङ्गहरू चिन्न<br>• जनावरका बच्चा र नाम पहिचान गर्न र जनावरको हेरचाह गर्न<br>• जनावर र बोटबिरुवाबाट पाउने खानाको नाम एवम् फाइदा बताउन |
| हाम्रो वातावरण | • विद्यालय, घर, छरछिमेक र टोलको सरसफाइमा सहभागी हुन र प्रदूषणका कारण पहिचान गर्न<br>• आफ्नो वरपरको वातावरण वातावरणीय सरसफाइ, फोहोर व्यवस्थापन गर्न र स्वच्छताप्रति सजगता रहन र फोहोरको वर्गीकरण र उचित विसर्जन गर्न<br>• टोलका सार्वजनिक सम्पति र सम्पदाहरूको संरक्षण र प्रयोग गर्न<br>• वरपरका वस्तु तथा घटनाहरूसम्बन्धी खोजमूलक प्रश्न प्रश्न गर्न, अनुमान गर्न, अवलोकन र तर्क प्रस्तुत गर्न<br>• वरपरको प्राकृतिक र मानव निर्मित वस्तुहरू पहिचान गरी उपयोग गर्न<br>• वस्तुका गुणहरू(आकार, साइज, गन्ध, चिसो, तातो, कडा, नरम, डुब्ने/उत्रने, घुल्ने/नघुल्ने, ठोस, तरल अवलोकन र परीक्षण गरी छुट्याउन<br>• खेर गएका वा वरपर उपलब्ध सामग्री प्रयोग गरी विभिन्न नमुना सजावटका सामग्री निर्माण गर्न |
| मेरो सिर्जना | • सुनेका स्थानीय गीतहरू, राष्ट्रिय गीत, कक्षागत गान, पाठ्यपुस्तकमा भएका बालगीतहरू लय मिलाएर गाउन |

| | |
|---|---|
| | • आफूले जानेका स्थानीय एवम् अन्य गीतहरूमा लय, ताल, भाव र चाल मिलाई एकल र सामूहिक नृत्य गर्न<br>• तालमा ताली बजाउन र स्थानीय बाजाहरू बजाउने अभ्यास गर्न<br>• आफ्नो गाउँ टोलको सामान्य नक्सा कोरी नदी, खोला, पोखरी, बाटो आदि देखाउन<br>• मन पर्ने वस्तुहरूको रेखाचित्र बनाउन र आकार, स्वरूप र रङहरूबाट सामान्य बुट्टाहरू बनाउन<br>• कागज, माटो, पिठो आदिको प्रयोग गरी गोलो, चेप्टो, बाटुलो, लाम्चो, रेखा, आकार, टेक्सचर, बुट्टा आदिसम्बन्धी विविध प्रयोगहरू गर्न र माटाका घन वा आयतकार ब्लकद्वारा ठोस मोडल (जस्तै : घर, बस, जनावर आदि ) बनाउन<br>• रिफिल प्रिन्ट ब्लक (चभष्भिा उचष्लत दयिअप) को प्रयोग गरी विभिन्न रङहरूमा छपाइ गर्न |
| हाम्रो संस्कृति | • परिवार र छरछिमेकमा मनाइने चाडपर्वमा सहभागी हुन, खानेकुरा र मुख्य मुख्य क्रियाकलापको सूची तयार गर्न<br>• आफ्नो गाउँटोलमा बोलिने भाषा, पोसाक र चाडपर्वसँग परिचित भई आफ्ना समुदायका संस्कारहरू (दसैं, तिहार, छठ, क्रिसमस, इद, विभिन्न जात्रा आदि) झल्कने सामान्य रेखाङ्कन र रङकार्य गर्न<br>• राष्ट्रिय चिह्नहरूको चिनारी र महत्त्व बताउन |
| सञ्चार प्रविधि र बजार | • सिकाइका लागि सञ्चारका माध्यमहरू प्रयोग गर्न सूचना, सङ्केत, पम्लेट, पोस्टर, ट्राफिक सङ्केत प्रयोग गर्न र सुरक्षाका उपायहरू अबलम्बन गर्न<br>• सञ्चारमा कम्प्युटर र मोबाइल फोनको प्रयोग एवम् दुरुपयोगबाट हुने हानिप्रति सचेत रहन |

| | |
|---|---|
| | • यातायातका साधनहरू पहिचान गर्न<br>• आफ्नो गाउँ टोलमा उत्पादित तथा निर्मित वस्तुहरू पहिचान र उपयोग गर्न र परिवारको आम्दानीका स्रोतहरू पहिचान गर्न<br>• घर तथा विद्यालयमा प्रयोग गरिने सामग्रीको  सामग्रीहरूको प्रयोग बताउन मितव्ययिता अपनाउन |
| हाम्रो वरपरको संसार | • विभिन्न प्रकारका मौसमका परिचय, विशेषता र तिनको असर बताउन र मौसमअनुकूल आफ्नो हेरचाह गन<br>• आफ्नो घर, टोल, समुदाय र त्यस वरिपरिको भौगोलिक स्वरूप अवलोकन गरी विवरण दिन<br>• पृथ्वीमा दिन र रात हुनुको कारण बताउन<br>• पृथ्वी आकार वर्णन गर्न र तहको नाम बताउन<br>• त्रिभुज चतुर्भुज, वर्गाकार एवम् आयतकारमा कागजका आकृति पट्याएर बनाउने अभ्यास<br>• हावा र पानीका भौतिक गुणहरू, पानीका स्रोतहरू पहिचान गर्न, गुण, गतिशील शक्ति, महत्त्वसँग परिचित भई  उपयोग र संरक्षण गर्न<br>• आफ्नो वडाको प्राकृतिक स्वरूप, सामाजिक रहनसहन झल्कने आकृति नक्सा बनाउन र त्यहाँका महत्त्वपूर्ण स्थल सङ्केत गर्न<br>• ओरीगामीको परिचय दिन र कागजबाट चराको ओरीगामी र सजावटका सामान तयार गर्न रङ कार्य गर्न |

## ७. व्यवहारकुशल सिप

विद्यालय शिक्षाको एउटा महत्त्वपूर्ण कार्य विद्यार्थीहरूमा व्यवहारकुशल सिप (क्यात कपर्षीक) विकास गराउन सहयोग गर्नु हो । व्यवहारकुशल सिप सबैलाई आवश्यक हुन्छन् । यी कुनै निश्चित कार्य वा भूमिकामा मात्र सीमित नभई विभिन्न कार्य वा भूमिकाका लागि आवश्यक हुने पर्छन् । यस्ता सिप विशेषत: विद्यार्थीका दैनिक जीवनका वास्तविक समस्या समाधानमा सहायक हुन्छन् । त्यसैले व्यवहारकुशल सिप कुनै निश्चित कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रसँग मात्र सम्बन्धित नभई विभिन्न कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रमा कार्यसम्पादनसँग सम्बन्धित हुन्छन् । व्यवहारकुशल सिपलाई विभिन्न फरक फरक नामले पहिचान गर्ने गरिन्छ । जस्तै: यसलाई समतलीय, सामान्य, अन्तरसम्बन्धित, स्थानान्तरणीय, आधारभूत, व्यावहारिक, रोजगारीमूलक वा एक्काइसौँ शताब्दीका सिप नामले पनि चिनिन्छ ।

व्यवहारकुशल सिपलाई विभिन्न नामले जनाइनुका साथै यसअन्तर्गत पर्ने सिप वा सक्षमताका सूचीलाई निश्चित सङ्ख्यामा सीमित गर्न कठिन भए पनि सोचाइ सिप, वैयक्तिक सिप, अन्तरवैयक्तिक सिप, बहुसाक्षरता सिप, नागरिक सिपअन्तर्गत प्रायजसो सबै व्यवहारकुशल सिपलाई वर्गीकरण गरी समावेश गर्न सकिन्छ ।

सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्नका लागि विभिन्न विषय र तहका पाठ्यक्रमबिच अन्तरक्रिया हुनु आवश्यक छ । यस्तो अन्तरक्रियाबाट सिकाइलाई सामान्य विषयगत ज्ञान तथा सिपमा सीमित नगरी अधिसंज्ञानात्मक (Metacognitive) सिकाइलाई सहज गराई जीवनका समस्या समाधानका लागि उपयोगी बनाउन सहयोग प्राप्त हुन्छ । व्यवहारकुशल सिप सिकाइलाई अधिसंज्ञानात्मक (Metacognitive) तहमा पुऱ्याउन सहयोग गर्ने भएकाले एकीकृत पाठ्यक्रमको अवधारणाअन्तर्गत व्यवहारकुशल सिपलाई उपयुक्तताका आधारमा सबै विषय र तहमा एकीकृत गर्नु महत्त्वपूर्ण हुने दृष्टिकोणमा आधारित भई यस पाठ्यक्रममा पनि व्यवहारकुशल सिपलाई सबै विषय र कक्षामा उपयुक्तताका आधारमा एकीकृत गरिएको छ । यसका लागि व्यवहारकुशल सिपका मुख्य क्षेत्र र तिनको विस्तृतीकरण गरिनु आवश्यक छ । व्यवहारकुशल सिपका

उल्लिखित पाँच विस्तृत क्षेत्रअन्तर्गतका सिपको विस्तृतीकरण र तिनको सम्भाव्य व्याख्या निम्नअनुसार प्रस्तुत गरिएको छ :

### ७.१. सोचाइ सिप (Thinking Skills)

बालबालिकाले सूचना प्रशोधन गर्न, विभिन्न सूचनालाई संयोजन गर्न, निर्णय लिन र नयाँ विचार सिर्जना गर्न प्रयोग गर्ने संज्ञानात्मक क्रियाकलाप नै सोचाइ सिप हुन् । बालबालिकाले आफ्ना अनुभवको बोध गर्दा, समस्या हल गर्दा, निर्णय लिँदा, प्रश्नहरू गर्दा, योजना बनाउँदा अथवा सूचनाहरू सङ्गठित गर्दा आफ्नो सोचाइ सिप प्रयोग गर्छन् । प्रमुख सोचाइ सिप र तिनको व्यख्या निम्नलिखित तालिकामा पस्तुत गरिएको छ :

**मुख्य सोचाइ सिप**

| मुख्य सोचाइ सिप (Major thinking skills) | सम्भाव्य व्याख्या (Possible explaination) |
|---|---|
| प्रयोग सिप (Application skill) | • नयाँ परिस्थिति एवम् सन्दर्भमा पहिले सिकेका ज्ञान तथा सिपलाई प्रयोग गर्ने योग्यता |
| सिकाइ सिप (Learning skill) | • सिकाइ हासिल गर्ने र जारी राख्ने योग्यता<br>• आफ्नो सिकाइलाई सङ्गठित गर्ने योग्यता |
| रचनात्मक सोचाइ सिप (Creative thinking skill) | • ढाँचा एवम् सम्बन्धलाई परीक्षण र सूचनालाई वर्गीकरण गरी क्रममा मिलाउने योग्यता<br>• राम्रा तर्कहरूको विश्लेषण तथा सिर्जना गर्ने र प्रचलित मान्यतालाई चुनौती दिने योग्यता<br>• परिकल्पना निर्माण एवम् भविष्यवाणी गर्ने, सबुत वा प्रमाण परीक्षण गर्ने र नतिजामा पुग्ने योग्यता |

| | |
|---|---|
| | • समस्याहरू र निर्णयहरू पहिचान तथा विश्लेषण गर्ने र विभिन्न विकल्पहरूको खोजी गर्ने योग्यता<br>• समस्याहरू समाधान गर्ने र उपलब्धिहरूको मूल्याङ्कन गर्ने योग्यता<br>• काल्पनिक रूपमा सोच्ने, क्रियाशील रूपमा नयाँ विचार वा दृष्टिकोण खोज्ने समस्याहरू वा समाधान प्रवर्तनात्मक बनाउने र जोखिम उठाउने योग्यता |
| **समालोचनात्मक सोचाइ सिप (Critical thinking skill)** | • प्रभावकारी तर्क गर्ने योग्यता<br>• पद्धति सोचको प्रयोग गर्ने योग्यता<br>• छानबिन तथा निर्णय गर्ने योग्यता |
| **निर्णय तथा समस्या समाधान सिप (Descision making and probem solving skill)** | • विभिन्न स्रोतहरूबाट सूचना प्राप्त गर्ने योग्यता<br>• निश्चित उद्देश्यका लागि विश्वसनीयता एवम् उपयुक्तताका आधारमा विभिन्न स्रोतमध्येबाट उपयुक्त स्रोत चयन गर्ने योग्यता<br>• सूचनाहरूको अभिलेखीकरण गर्ने, सङ्गठित गर्ने, सारांश निकाल्ने, एकीकृत गर्ने योग्यता<br>• विकल्प छनोट गरी निर्णय लिने र समस्या समाधान गर्ने योग्यता |

### ७.२. वैयक्तिक सिप (Intrapersonal Skills)

वैयक्तिक सिप विभिन्न किसिमका छन् । यसअन्तर्गत जिम्मेवारी एवम् प्रतिबद्धता विकास गर्नु, स्वव्यवस्थापन, आत्मबल/स्वाभिमानको विकास, इमानदारी/ स्वअनुशासन, समय व्यवस्थापन, स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनजस्ता सिप पर्छन् । वयै क्तिक

सिपको विकासका लागि पाठ्यक्रमले बालबालिकाको संज्ञानात्मक विकास, सामाजिक तथा संवेगात्मक विकास, वाचन तथा भाषा विकास र कुशल क्रियात्मक सिप विकास गराउनु पर्छ । वैयक्तिक सिपले विद्यार्थीलाई काम तथा क्रियाकलापको जिम्मेवारी लिन, विभिन्न काम तथा क्रियाकलापप्रति प्रतिबद्धता एवम् आत्मविश्वास प्रदर्शन गर्न, आफ्नो योग्यताको लेखाजोखा गर्न र आफ्नो जीवनको लक्ष्यबारे विचार व्यक्त गर्न सहयोग पुऱ्याउनुपर्छ । आफ्नो हेरचाह गर्ने योग्यता, दैनिक जीवन व्यवस्थापन गर्ने योग्यता, कार्ययोजना विकास गर्ने, मूल्याङ्कन गर्ने कार्यसमेत समावेश गरी वैयक्तिक लक्ष्य पहिचान गर्ने जस्ता स्वव्यवस्थापनसम्बन्धी सिप यसअन्तर्गत पर्छन् । त्यसै गरी यसअन्तर्गत आत्मबल तथा स्वाभिमानको विकास इमानदारी/स्वअनुशासन व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता, स्वतन्त्र सिकाइ, लचकता र अनुकूलन, जिम्मेवारी एवम् प्रतिबद्धता जस्ता वैयक्तिक सिप पर्छन् । प्रमुख वैयक्तिक सिप र तिनको व्याख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**मुख्य वैयक्तिक सिप**

| मुख्य वैयक्तिक सिप (Major intrapersonal skills) | सम्भाव्य व्याख्या (Possible explaination) |
|---|---|
| स्वव्यवस्थापन (Self management) | • आफ्नो हेरचाह गर्ने योग्यता<br>• दैनिक जीवन व्यवस्थापन गर्ने योग्यता<br>• कार्ययोजना विकास गर्ने, मूल्याङ्कन गर्ने कार्यसमेत समावेश गरी वैयक्तिक लक्ष्यहरू पहिचान गर्ने, मूल्याङ्कन गर्ने र प्राप्त गर्ने योग्यता |
| आत्मबल/स्वाभिमानको विकास (Develop self-esteem/respect) | • एउटा व्यक्तिका रूपमा स्वयम् प्रति विश्वस्त हुने योग्यता |

| | |
|---|---|
| इमानदारी⁄ स्वअनुशासन (Integrity/honesty/self-descipline) | • स्वयम्को लेखाजोखा वा मूल्याङ्कन गर्ने, आफूले आफ्ना कार्यसम्पादनको मूल्याङ्कन गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र यसमा प्रत्युत्तर दिने योग्यता<br>• स्वअनुशासन र इमानदारी प्रदर्शन गर्ने योग्यता |
| समय व्यवस्थापन (Time management) | • आफ्ना दैनिक क्रियाकलापमा समय व्यवस्थापन गर्ने योग्यता<br>• कार्यको प्राथमिकता निर्धारया गर्न सक्ने योग्यता |
| व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता (Personal goal setting and taking initiatives) | • दैनिक कार्यमा लक्ष्य निर्धारण गर्ने, कार्यमा अग्रसरता लिने योग्यता |
| स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता (Independent lerning, flexibility and adaptability) | • विभिन्न साधन, सूचना तथा विधिको प्रयोग गरी आफैँ सिक्ने योग्या<br>• सिकाइ, कार्य वा व्यवहारमा परिस्थितिअनुकूल परिवर्तन तथा समायोजन गर्न सक्ने योग्यता |
| जिम्मेवारी एवम् प्रतिबद्धता (Responsibility and commitment) | • नयाँ एवम् कठिन परिस्थितिमा सहयोग पुर्‍याउने वैयक्तिक गुणहरू विकसित गर्ने योग्यता, उदाहरणका लागि पहल गर्ने, लचकदार बन्ने, विश्वसनीय बन्ने, कठिनाइ उत्पन्न भएका बेला दृढ रहने |

## ७.३. अन्तरवैयक्तिक सिप (Interpersonal Skills)

अन्तरवैयक्तिक सिपले एक व्यक्तिले अर्को व्यक्तिसँग प्रभावकारी रूपमा सञ्चार र समन्वय गर्नु, सहयोग तथा सद्भाव कायम गर्न सक्षम हुनु, असल सम्बन्ध कायम गर्नु भन्ने जस्ता योग्यतालाई जनाउँछ । यसमा फरक फरक लक्ष्य र उद्देश्यका विविध सन्दर्भमा अरूसँग कार्य गर्ने, सामूहिक लक्ष्य पहिचान गर्ने, मूल्याङ्कन गर्ने र प्राप्त गर्ने, समूहमा जिम्मेवारी पहिचान गर्ने र भूमिका बाँडफाँड गर्ने, समूहमा राम्रो सम्बन्ध विकास गर्ने, समूहका प्रगतिको लेखाजोखा गर्ने, समूहको कार्यको समीक्षा गर्ने र व्यक्तिगत रूपमा आफ्नो योगदानको प्रतिविम्बन गर्ने जस्ता पक्षहरू समावेश हुन्छन् ।

अन्तरवैयक्तिक सिपमध्ये सञ्चार एउटा ज्यादै महत्त्वपूर्ण सिप हो । सुन्न र बोल्न सक्ने योग्यता आधारभूत सञ्चार सिप हुन् । यी सिप कक्षा १, २ र ३ का विद्यार्थीमा विद्यालयमा रहँदा विकसित हुनुपर्छ । जबसम्म विद्यार्थीहरूले आफ्नो स्थानीय वा राष्ट्रिय भाषामा सञ्चार गर्न सक्दैनन् तबसम्म उनीहरूले आफ्ना जीवनका लक्ष्य प्राप्त गर्न र आफ्नो ज्ञान एवम् सामर्थ्य विकास गर्न तथा आफ्नो दैनिक जीवनमा काम गर्न समर्थ हुँदैनन् । सञ्चार सिपले बालबालिकालाई संवेगात्मक बौद्धिकता, स्थिरता, स्पष्टता, भिन्नता, आत्मविश्वास, सहानुभूति, आदर, सुन्ने, खुला सोच र राम्रो प्रश्न सोध्ने सिप विकास पर्छ । असल सञ्चार भनेको समग्रमा प्रभावकारी सुनाइ हो । बालबालिकाहरूले विद्यालय अवधिभर खुला साचे विकास गर्नुपर्छ । सुढृढ सञ्चारका लागि एउटा व्यक्ति खुला मस्तिष्कसहित अन्य व्यक्तिका दृष्टिकोण बुझ्नेतर्फ प्रतिबद्ध हुनुपर्छ ।

व्यक्तिको जीवन तथा कार्यका प्रय: सबै पक्षहरूमा सहकार्य सिपको आवश्यकता पर्छ । हिजोआज व्यापार उद्योगमा वा कुनै कार्यका लागि सँगसँगै मिलेर समूहमा काम गर्न केही संयुक्त प्रयास हुनुपर्छ भन्ने कुराले प्रवेश पाएको छ । कामको संसारमा अधिकांश क्षेत्रमा सहयोग तथा सहकार्यलाई एउटा आवश्यक सिपका रूपमा हेरिन्छ । विद्यार्थीहरूले परियोजना तथा खोजमूलक सिकाइमा आफूलाई व्यस्त राख्नुपर्छ र सामाजिक परिवेशमा आफ्ना ज्ञान एवम् समस्या समाधानका सिप प्रयोग गर्न सक्नुपर्छ । सहकार्य सिपले विद्यार्थीलाई उनीहरूको साझा लक्ष्य हासिल गर्न सँगै मिलेर

सहयोगी रूपमा काम गर्न मदत पर्छ । जब बालबालिकाहरू एकआपसमा मिलेर सिक्ने प्रक्रियामा रहन्छन् तब उनीहरू कुनै समस्या समाधानका लागि मिलेर काम पर्छन् । यसबाट उनीहरूले कुनै काम पूरा गर्न वा कुनै उत्पादन गर्न सक्छन् । सहयोगी सिकाइ वातावरणमा सिकारुका अलग अलग दृष्टिकोणले सुन्नुपर्ने हुँदा सिकारुले सामाजिक एवम् संवेगात्मक दुवै पक्षबाट चुनौतीको सामना गर्नुपर्छ र आफ्ना विचारलाई स्पष्ट पार्न र प्रतिरक्षा गर्न सक्नुपर्छ । यसो गर्दा सिकारुले विज्ञ वा शिक्षकले दिएको प्रारूप वा ढाँचामा भर नपरी आफ्नै विशेष प्रकारका धारणागत प्रारूप सिर्जना गर्न थाल्छन् । यसभन्दा बढी सहकार्य गर्दा साझा सिकाइले सिकारुलाई छलफलमा भाग लिने आवसर दिने, आफ्ना सिकाइको जिम्मेवारी लिने र यसअनुरूप गहन सोच गर्ने व्यक्तिका रूपमा विकसित पर्छ । बालबालिकामा सञ्चार र सहकार्य सिपसँगसँगै सहयोग तथा सहानुभूति, सक्रियतापूर्वक सुन्ने र सांस्कृतिक तथा नैतिकता जस्ता अन्तरवैयक्तिक सिपको विकास पनि उत्तिकै आवश्यक छ । प्रमुख अन्तरवैयक्तिक सिप र तिनको व्यख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

मुख्य अन्तरवैयक्तिक सिप

| मुख्य अन्तरवैयक्तिक सिप (Major interpersonal skills) | सम्भाव्य व्याख्या (Possible explaination) |
|---|---|
| सञ्चार (Communication) | • सामाजिक अन्तरक्रिया वा सामाजिक अन्तरक्रियात्मक सन्दर्भमा आफ्नो एवम् अरूका संवेगहरू, अभिप्रेरणा र व्यवहारलाई अध्ययन गर्न एवम् व्यवस्थित गर्न सक्ने योग्यता<br>• प्रचलित विभिन्न साधनहरूको प्रयोग तथा स्थानान्तरणको माध्यमबाट विचार आदान प्रदान गरी अर्थ पहिल्याउने योग्यता<br>• आधारभूत विद्युतीय सञ्चार सिपको घरपरिवार एवम् कार्यस्थलमा प्रयोग गर्ने योग्यता |

| | |
|---|---|
| सहकार्य (Collaboration) | • समस्या हल गर्ने, नवीन उत्पादन गर्ने अथवा विषयवस्तु सिक्ने र सक्षमता हासिल गर्ने, सँगै काम गरेका दुई वा दुईभन्दा बढी व्यक्तिबिच सहयोगात्मक अन्तरक्रिया गर्ने योग्यता<br>• विभिन्न सन्दर्भमा अलग अलग उद्देश्य एवम् लक्ष्य लिएका व्यक्तिसँग मिलेर काम गर्ने योग्यता<br>• सामूहिक लक्ष्यको पहिचान, मूल्याङ्कन तथा प्राप्त गर्ने योग्यता<br>• समूहमा जिम्मेवारी पहिचान गरी भूमिका बाँडफाँड गर्ने योग्यता<br>• समूहमा राम्रो सम्बन्ध विकासित गर्ने योग्यता<br>• समूहको कामको प्रगति जाँच गर्ने, पुनरवलोकन गर्ने र व्यक्तिगत रूपमा आआफ्नो योगदानबारे प्रतिविम्बन गर्ने योग्यता |
| सहयोग तथा सहानुभूति (Cooperation and empathy) | • कुनै घटना, कार्य, अवस्था र नतिजाका आधारमा आवश्यकतानुसार कुनै व्यक्तिलाई सहयोग तथा सहानुभूति प्रदान गर्ने योग्यता |
| सक्रियतापूर्वक सुन्ने (Active listening) | • अरूका विचार, दृष्टिकोण, सूचना तथा जानकारी सक्रियतापूर्वक सुन्ने र बुझ्ने र तदनुकूल आवश्यक प्रतिक्रिया जनाउने योग्यता |
| सांस्कृतिक सिप/नैतिकता (Cultural skills/ethics) | • सांस्कृतिक विविधता पहिचान गर्ने योग्यता<br>• विश्वव्यापी मुद्दाहरूमा दृष्टिकोण विकास गर्ने |

| | |
|---|---|
| | योग्यता<br>● प्रजातान्त्रिक समाज निर्माण गर्न बौद्धिक योग्यता विकास गर्ने योग्यता |

७.४. सूचना प्रविधि तथा बहुसाक्षरता सिप **(Information communication and multiliteracy skills)**

एक्काइसौँ शताब्दीमा सफलता पाउन विद्यार्थीले विज्ञान, प्रविधिका साथै संस्कृतिमा कुशलता प्राप्त गर्नुपर्छ । त्यस्तै विभिन्न रूपमा सूचनाहरूको राम्रो बुझाइ हुनुपर्छ । त्यस्तै विद्यार्थीले विविध वातावरणको व्यवस्थापन, संस्कृतिहरूको ज्ञान, एउटा विश्वव्यापी सोच, प्रभावकारी समाधान, सिक्नका लागि जिज्ञासु, सफलतापूर्वक बाह्य जगत्बाट चिन्तन गर्ने, सञ्चार सिप र विश्लेषणलाई बुझ्न सक्ने जस्ता विभिन्न सिप विकसित गर्नुपर्छ । बालबालिकाहरूले विद्यालयमा रहँदा नै डिजिटल साक्षरताको सामान्य सक्षमता हासिल गर्नुपर्छ । प्रमुख बहुसाक्षरता सिप र तिनको व्यख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**मुख्य बहुसाक्षरता सिप**

| मुख्य बहुसाक्षरता सिप (Major Multiliteracy skills) | सम्भाव्य व्याख्या (Possible explaination) |
|---|---|
| आधारभूत साक्षरता (Basic literacy) | ● उपयुक्त तहको भाषागत (स्थानीय एवम् राष्ट्रिय भाषाहरूमा) एवम् सङ्ख्यात्मक दक्षता विकास गरी आफ्नो पेसा वा कार्य सम्पादन गर्न सक्ने तथा समाजमा आफ्नो लक्ष्य प्राप्त गर्ने र हालको डिजिटल युगसापेक्ष आफ्नो ज्ञान एवम् क्षमता प्राप्त गर्ने योग्यता |
| प्राविधिक साक्षरता | ● प्रविधि के हो, यसले कसरी काम पर्छ, यसले के के |

| | |
|---|---|
| (Technological leteracy) | उद्देश्यहरू पूरा गर्न सक्छ र यसलाई कसरी कुशल एवम् प्रभावकारी रूपमा उद्देश्य प्राप्त गर्न प्रयोग गर्ने योग्यता |
| दृश्य साक्षरता (Visual literacy) | • परम्परागत एवम् एक्काइसौँ शताब्दीको सञ्चार माध्यम प्रयोग गरी निर्णय, सञ्चार र सिकाइमा तस्बिर/छवि र दृश्य सामग्रीको प्रयोग, व्याख्या एवम् सिर्जना गर्न सक्ने योग्यता |
| सूचना साक्षरता (Information literacy) | • प्रविधि, विभिन्न सञ्चार सञ्जाल र विद्युतीय स्रोतको प्रयोग गरी विभिन्न सञ्चार माध्यमका सूचनाको मूल्याङ्कन, सूचनाको आवश्यकता पहिचान, सूचना पत्ता लगाउने, संश्लेषण गर्ने र प्रभावकारी तरिकाले प्रयोग गर्ने योग्यता |
| बहुसांस्कृतिक साक्षरता (Multi-cultural literacy) | • आफ्नै र अन्यको संस्कृति, चालचलन, मूल्य एवम् विश्वासबारे समानता एवम् भिन्नता बुझ्ने, सम्मान एवम् प्रशंसा गर्ने योग्यता |

## ७.५. नागरिक सिप (Citizenship Skills)

शिक्षाको एउटा उद्देश्य बालबालिकामा नागरिक अधिकार र दायित्वप्रति सचेतता विकास गराई नागरिक अधिकार प्राप्ति र दायित्व कुशलतापूर्वक निर्वाह गर्ने नागरिकका रूपमा विकास गर्न सहयोग गर्नु हो । यसका लागि विद्यालय शिक्षाका प्रारम्भिक कक्षादेखि नै नागरिक शिक्षालाई विभिन्न विषयमा एकीकृत गर्नुपर्छ । यसअन्तर्गत लोकतन्त्रिक मूल्य र मान्यता, सहभागिता, सहनशीलता र खलु ापन, विविधताको बोध र सम्मान, राष्ट्रिय पहिचान, समाज, भाषा, संस्कृति र राष्ट्रप्रति प्रेम र अपनत्व, व्यक्तिगत, समाजिक तथा नागरिक दायित्व र जिम्मेवारी वहन गर्नेलगायत विश्वव्यापी चेतनाको विकास गराउनुपर्छ । एउटा असल नागरिकको विकासका लागि विभिन्न विषयमा एकीकृत गरी नागरिक सिपसँग सम्बन्धित सिपमा विद्यार्थीमा सक्षमताहरू हासिल गराउनुपर्छ । प्रमुख नागरिक सिप सिप र तिनको व्याख्या निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**मुख्य नागरिक सिप**

| मुख्य नागरिक सिप (Major citizenship skills) | सम्भाव्य व्याख्या (Possible explaination) |
|---|---|
| सहनशीलता र खुलापन (Tolerance and openness) | • परिवार तथा समुदायका प्रचलन तथा मान्यताहरूलगायत अन्य मान्यता तथा अभ्यासप्रति सकारात्मक रहने क्षमता<br>• आफ्ना विचार, मान्यता र अभ्यासलाई पारदर्शी बनाउने, अरूको प्रतिक्रिया सुन्ने र आवश्यकताअनुसार स्विकार्ने क्षमता |
| विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ (Respect for diversity and intercultural understanding) | • स्थानीय सांस्कृतिक वातावरण तथा विविधता बुझ्ने क्षमता<br>• विभिन्न दृष्टिकोणहरू तथा विविधताको सम्मान गर्ने क्षमता |

| | |
|---|---|
| लोकतन्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (Democratic, participatory and equitable value) | • कुनै कार्यमा सहभागी हुन, फरक विचारप्रति सहिष्णु हुन, कार्य तथा सहभागितामा समतालाई प्रोत्साहन गर्न र आफ्नो र अरूको अधिकार तथा स्वाभिमान कायम राख्ने क्षमता |
| वातावरणप्रतिको सजगता र सम्मान (Awarness of and respect for the environment) | • कुनै कार्य वा व्यवहार प्रदर्शनका क्रममा भौगोलिक तथा सामाजिक सांस्कृतिक वातावरणको अनुकूलनलाई ध्यान दिने क्षमता |
| राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति (National identity and sense of belonging) | • आफ्नो समुदाय, भाषा, संस्कृति तथा राष्ट्रिय पहिचानप्रति सजक रही सम्मान गर्ने र अपनत्वको अनुभूति गर्ने क्षमता |
| सामाजिक एवम् नागरिक जिम्मेवारी (Social and civic responsibility) | • सार्वजनिक वस्तुहरूको अभिवृद्धि एवम् समाज, वातावरण र प्रजातान्त्रिक आदर्शको सुरक्षा गर्ने गरी प्राविधिलाई व्यवस्थित गर्ने योग्यता |
| वैयक्तिक जिम्मेवारी (Personal responsibility) | • एउटा नागरिकका रूपमा, परिवार एवम् समुदायको सदस्यका रूपमा अनुशासित, इमानदार भई र गुणस्तरीय जीवन प्राप्त गर्ने योग्यता |

## ८. सिकाइ सहजीकरण प्रक्रिया

सिकाइ सहजीकरण सिक्ने सिकाउने तरिका हो । यो पाठ्यक्रम सिकाउनेभन्दा बढी सिक्ने तरिकामा आधारित छ । एकीकृत पाठ्यक्रमको कार्यान्वयन कक्षाकोठा, विद्यालयबाहिर, समुदाय र घरमा हुन्छ । यसर्थ यस पाठ्यक्रमको कार्यान्वयनमा शैक्षणिक कार्यकलाप, प्रयोगात्मक कार्य, परियोजना कार्य, सामुदायिक कार्य, प्रस्तुतीकरण, अतिरिक्त कार्यकलापजस्ता कार्यकलापमा सिकारुलाई सहभागी गराएर गर्नुपर्छ । यसका लागि निम्नानुसारका विधि, कार्यकलाप तथा तरिका अपनाई सिकाइ उपलब्धि पूरा गर्ने र सिकारुमा अपेक्षित सक्षमता विकास गर्नेतर्फ सहजकर्ता सचेत हुनुपर्छ ।

१. **कथाकथन एवम् गीत :** यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२. **आगमन विधि :** यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३. **भूमिका निर्वाह/अभिनय :** यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. **निर्माणात्मक कक्षा :** यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

५. **सहयोगात्मक कक्षा :** यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. **परियोजना कार्य :** सिकारुको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई सिकारुले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. **छलफल र प्रश्नोत्तर :** यसमा शिक्षक सिकारु, सिकारु शिक्षक, सिकारु सिकारु बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि

सिकारुलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि सिकारुलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. **अन्वेषण, अनुसन्धान तथा खोज :** यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी सिकारुहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. **प्रविधियुक्त कक्षा :** मोबाइल, कम्प्युटर, प्रोजेक्टरआदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. **सिर्जनात्मक कार्य :** यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

११. **समस्या समाधान विधि :** यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. **खेल विधि :** यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३. **प्रयोग :** यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४. **भ्रमण :** विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१५. **प्रदर्शन विधि :** विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

१६. **स्वाध्ययन तथा छलफल** : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार सिकारुबिच छलफल गराउन सकिन्छ ।

१७. **अन्तरक्रिया** : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. **उदाहरण र प्रयोग** : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

१९. **श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण** : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

२०. **बालकेन्द्रित क्रियाकलापहरू** : यसमा प्रारम्भिक कक्षाका क्रियाकलाप जस्तै कक्षामा विद्यार्थीलाई स्वागत, एकआपसमा परिचय, कक्षाकोठा र विद्यालयको वातावरणको चिनारी आदि गर्नुपर्छ । कक्षाको नियमित क्रियाकलापका रूपमा शिक्षक विद्यार्थी अन्तरक्रिया, शान्तिको कामना, आज क्यालेण्डर मिलाउने र पढ्ने, समाचार आदान प्रदान गर्ने, शिक्षकको सन्देश बाचन र छलफल आदि क्रियाकलाप गराउन सकिन्छ । विषयगत रूपमा विङ्गो, ध्यानाकर्षण खेल, छपाइले भरिपूर्ण कक्षा, सिर्जनात्मक लेखन, आकारको खोजी, म कहाँ छु ? आदि क्रियाकलापमा आधारित सिकाइ कार्यहरू गराउन सकिन्छ ।

## ९. मूल्याङ्कन

सिकारुको मूल्याङ्कनमा वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ । तह १ मा सिकारको मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. सिकाइ क्रियाकलापसँगै सिकारुको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका सिकारुलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै सिकारुलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. सिकारुको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः सिकारुले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. सिकारुको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिपमा प्राप्तिमा सिकारुको हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै सिकारुले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरूप सिकारुको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्ने सिकारुका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कन नतिजाको अभिलेखलाई सिकारुको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, सिकारु तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

९. सिकारुलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

**मूल्याङ्कनका तरिका र साधन**

तह १ का सिकारुको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्छन् :

| क्र. सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | प्रत्यक्ष कक्षामा सहभागिता | अवलोकन, रुजु सूची र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु सूची र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजु सूची वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्वमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |

सिकाइ उपलब्धिमा सिकारुको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्छ :

**सिकारुको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

अपाङ्गता भएका सिकारुका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग

- दृष्टि क्षमता कमजोर भएका सिकारुका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।

  दृष्टिविहीनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता सिकारुका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने

- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्ने

- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ । यस्ता सिकारुका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्ने
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने
- बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने

**तह १ मा सिकारु मूल्याङ्कनको अभिलेखीकरण तथा प्रयोग**

१. सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा सिकारुलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, सिकारुलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्छ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु सिकारुको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित सिकारुको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।

२. नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित सिकारु सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा सिकारुलाई पनि सहभागी गराउनुपर्छ ।

**सिकारु मूल्याङ्कनको अभिलेख**

प्रत्येक सिकारुको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :

- मूल्याङ्कन अभिलेख सिकारुको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।

- कार्यसञ्चयिका फायलमा सिकारुको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा सिकारुका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- मुख्य सिकाइ उपलब्धिलाई सिकारुको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । सिकारुको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले सिकारुको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।
- हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्छ ।
- सबै सिकारुले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्छ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्छ । यसका लागि सुधारात्मक सिकाइपश्चात् सिकारुको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।
- सामान्यतया सबै (प्रत्येक) सिकारुको सिकाइस्तर न्यूनतम ४ पुर्‍याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । तसर्थ कुनै पनि सिकारुलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै सिकारु पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक

शिक्षण सिकाइ आवश्यक हुन सक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने सिकारुलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्छ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

| क्र.स | सिकाइ उपलब्धि | अङ्कन | | | |
|---|---|---|---|---|---|
| | | आधारभूतभन्दा न्यून (Below basic) (१) | आधारभूत (Basic) (२) | प्रवीण (Proficient) (३) | उच्च (Advanced) (४) |
| | | | | | |
| | | | | | |

- विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम **(Outstanding)** |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |

| | | | | |
|---|---|---|---|---|
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |